# छत्रदेव गाउँपालिका
# CHHATRADEV RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

छत्रगञ्ज, अर्घाखाँची
Chhatragunj, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या/Letter No.:
चलानी नं./Ref. No.:

**भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी (३५) पैंतिस दिने सूचना !**

भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि राष्ट्रिय भूमि आयोगको मिति २०७८/११/२६ गते प्रकाशित ३५ दिने सूचना अनुसार यस छत्रदेव गाउँपालिकामा बसोबास गर्ने भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा पाउन आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी सूचना प्रकाशन भएको मितिले ३५ दिन (२०७८/१२/३०) गतेभित्र कार्यालय समयमा वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत वा सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजात सहित निबेदन पेश गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

| भूमिहीन दलित/भूमिहीन सुकुम्बासीको हकमा | अव्यवस्थित बसोबासको हकमा |
|---|---|
| १. परिवारमुली र नागरिकता प्राप्त परिवारका अन्य सदस्यको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (अनिवार्य)<br>२. उपभोगको प्रमाण सम्बन्धी कागजातको प्रतिलिपि।<br>३. उपलब्ध अन्य प्रमाण। | १. माग गरेको जग्गा ....... वर्ष (कम्तीमा दश वर्ष) अधिबाट आबाद कमोत भइआएको हो भनी प्रमाणित गरेको सम्बन्धित गाउँ कार्यपालिकाको निर्णय बमोजिमको सिफारिस।<br>२. परिवारमुली र नागरिकता प्राप्त परिवारका अन्य सदस्यको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (अनिवार्य)।<br>३. आफू र परिवारका सदस्यका नाममा अन्यत्र रहेको सबै जग्गाको पूर्जाको प्रतिलिपि र सम्बन्धित स्थानीय तहले सम्पत्ति कर प्रयोजनका लागि निर्धारण गरेको मूल्याङ्कन सम्बन्धी स्थानीय तहको पत्र।<br>४. उपभोगको प्रमाण सम्बन्धी कागजातको प्रतिलिपि।<br>५. उपलब्ध अन्य प्रमाण। |

२०७८/११/२६

भेषराज पन्थ
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner